**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,**

**सिंहदरबार, काठमाडौं**

## STEAM विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रमको लागि निवेदनसम्बन्धी सूचना

प्रकाशन मितिः २०८२।०६।२९

यस मन्त्रालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विश्वविद्यालय वा विश्वविद्यालयका आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पस वा कलेज वा महाविद्यालयमा अध्ययनरत विद्यार्थीबीच प्रतिस्पर्धा गराई STEAM सामाग्री निर्माणसम्बन्धी कार्य गराउने उद्देश्यले यो सूचना प्रकाशन गरिएको छ। **यस वर्षको प्रतिस्पर्धाको विषय कार्यविधिको अनुसूची-५ मा रहेको T.O.R. मा उल्लेखित रहेको छ।** यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा विश्वविद्यालय वा विश्वविद्यालयको सम्बन्धन वा आङ्गिक क्याम्पस वा कलेज वा महाविद्यालयमा उच्च शिक्षाको तहमा अध्ययनरत विद्यार्थी वा विद्यार्थीको समूहबाट निवेदन माग गरिने, प्राप्त हुन आएका निवेदनबाट दोश्रो चरणका लागि छनोट गरिने र विद्यार्थी समूहलाई आफ्नो सोच अनुसारको वस्तु निर्माण गर्न ५ (पाँच) महिनाको समय दिइने छ। दोश्रो चरणको लागि छनोट भएको विद्यार्थी वा विद्यार्थीको समूहलाई "विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२" बमोजिम ***प्रति सामाग्री अधिकतम नेपाली रुपैया एक लाख पचास हजार सहयोग रकम*** प्रदान गरिने छ। प्रतिष्पर्धामा सहभागी हुन चाहनु हुने विद्यार्थीले **मिति २०८२/०८/०७ गते** भित्र उक्त कार्यविधिको अनुसूची-२ को खण्ड (क) र (ख) बमोजिमको ढाँचामा सबै आवश्यक कागजात प्रमाणित गरेर स्क्यान गरी innovation@moest.gov.np मा ईमेल गरी निवेदन दिनुहुन अनुरोध छ। म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदन छनोटका लागि समावेश हुने छैन। उल्लिखित कार्यविधि यस मन्त्रालयको वेभसाइट www.moest.gov.np बाट हेर्न वा डाउनलोड गर्न सकिने व्यहोरा सम्बन्धित सबैको लागि अनुरोध गरिएको छ।